# लहान नगरपालिका कार्यालय

लहान, सिरहा

# शिलबन्दी बोलपत्र आह्वान सूचना

सूचना नं.- ०४

(प्रथम पटक प्रकाशित मिति :- २०७३/०२/११)

चालु आ.व.२०७२/०७३ मा यस नगरपालिका कार्यालयकोलागि आबश्यक भएको तपसिल बमोजिमका उपकरणहरु ठेक्काको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक उत्पादनकर्ता, कम्पनी वा आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

निम्न :-

०१. बोलपत्र फाराम खरिद गर्न इच्छुक उत्पादनकर्ता, कम्पनी वा आधिकारिक बिक्रेताहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७२/०७३ कालागि नविकरण भएको इजाजत-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर (पान) प्रमाण पत्र र आ.व. २०७१/०७२ को करचुक्ता प्रमाण पत्र तथा उत्पादनकर्ता वा कम्पनीबाट प्राप्त आधिकारिक पत्रहरुको प्रतिलिपि समेत संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) औं दिनसम्म तपसिलमा उल्लेख भएबमोजिम बोलपत्र फाराम दस्तुर **(पछि फिर्ता नहुने गरी)** तिरी कार्यालय समयभित्र यस कार्यालयको **जिन्सी उपशाखा**बाट बोलपत्र सम्वन्धि कागजात (Bid Document) खरिद गर्न सकिनेछ तथा E-Bidding गर्न चाहनेले नेपाल सरकार, **सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.gepson.gov.np** बाट download गरी Bid-Document प्राप्त गर्न सकिनेछ ।

०२. बोलपत्र सम्वन्धि कागजात खरिद गर्ने उत्पादनकर्ता, कम्पनी वा आधिकारिक बिक्रेताहरुको तर्फबाट प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा रीत्तपूर्वकको अख्तियारी पेश गरेमा मात्र बोलपत्र खरिद गर्न सकिनेछ तर अख्तियारी एक व्यक्ति एक फर्मकोलागि मात्र मान्य हुनेछ । त्यस्तो अख्तियारी औचित्य हेरी जुनसुकै समयमा कार्यालयले रद्द गर्न सक्नेछ ।

०३. खरिद गरिएका बोलपत्र सम्वन्धि कागजातमा उल्लेख भएका सवै विवरणहरु अध्ययन गरी फर्महरुले प्रत्येक पानामा सही-छाप गरी, शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, आपूर्ती गर्नुपर्ने उपकरणको नाम प्रष्टसंग लेखी ३१ औं दिन दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे न.पा. कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रीत्तपूर्वकको बोलपत्रहरु खोलिने कार्यमा वाधा पर्नेछैन । बोलपत्रसम्बन्धि कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलबन्दी बोलपत्र नेपाल सरकार, **सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.gepson.gov.np** मा समेत **E-Bidding** द्वारा **Submission** गर्न सकिनेछ । **E-Submission** गर्दा उल्लेखित **website** को **Provision of E-Submission of Bids** मा भएको प्रावधान अनुसार हुनुपर्नेछ ।

०५. **E-Bidding** गर्दा शिलवन्दी बोलपत्रसाथ तपसिलमा उल्लेखित बोलपत्र फाराम दस्तुर नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको **चल्ती हि.न. ०३६०३००००००००३००३** मा जम्मा गरेको बैंक भौचरको **Scan Copy** र तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको **चल्ती हि.नं. ०३६०२००००००००३००००६** धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड **(बोलपत्र खोलेको मितिले कम्तीमा १२० दिन म्याद भएको)** को **Scan Copy, pdf file** साथ उल्लेखित **website** मा **Submission** गर्नुपर्नेछ । कुनै फाइनेन्स प्रा.लि.बाट जारी भएको बिडवण्ड मान्य हुनेछैन ।

०६. **E-Submission** गरेको बीड **Withdrawl, Modification** वा **Substitution** गर्दा **Electronic** विधिबाटै गर्नुपर्नेछ । साथै **E-Submission** गर्ने फर्महरुले बोलपत्र दर्ता गर्ने अन्तिम मितिले ५ (पाँच) दिनभित्र मूल कपी **(Hard Copy)** पेश गर्नुपर्नेछ ।

०७. शिलवन्दी बोलपत्रसाथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको **चल्ती हि.नं. ०३६०२००००००००३००००६** धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड **(बोलपत्र खोलेको मितिले कम्तीमा १२० दिन म्याद भएको)** पेश गर्नुपर्नेछ । कुनै फाइनेन्स प्रा.लि.बाट जारी भएको बिडवण्ड मान्य हुनेछैन ।

०८. बोलपत्र स्वीकृत भएपछि ठेक अंकको पाँच प्रतिशतले हुन आउने रकम कार्य सम्पादन जमानत वापत यस न.पा. कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बरावरको कम्तिमा १ ( एक) वर्षकालागि मान्य हुने कार्य सम्पादन जमानीपत्र (Performance Bond) पेश गर्नु पर्नेछ ।

१०. बोलपत्र फारममा भ्याट (VAT) वाहेकको दररेटहरु, अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ । कवोल अंक निकाल्दा दर र परिमाणको गुणनफल कायम गर्दा दशमलव पछिको दुई अंकलाई मान्यता दिइनेछ ।

११. प्रचलित नियम कानून अनुसार लाग्ने सम्पूर्ण कर दस्तुर बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

१२. बोलपत्र शर्तरहित साथै यस कार्यालयले उपलव्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । त्यसरी लेखी आएमा सोलाई मान्यता दिईनेछैन । बोलपत्र दर्ता गर्ने फर्महरुले आपूर्ती गर्नुपर्ने उपकरणहरुको विवरण, स्पेसिफिकेशन आदी सबै पक्षमा राम्रोसंग बुझी बोलपत्र भरेको मानिनेछ ।

१३. बोलपत्रको बीड डकुमेन्ट, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्वन्धि कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्नेछैन । नेपाल सरकारको प्रचलित नियम कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

१४. बोलपत्रसम्वन्धि विस्तृत जानकारीकालागि प्रि-बीड मिटिंग २०७३/०३/०२ गते दिनको १२:००वजे यस कार्यालयमा हुनेछ । उक्त मिटिंगमा सम्वन्धित सबै इच्छुक उत्पादनकर्ता, कम्पनी वा आधिकारिक बिक्रेताहरु उपस्थित भई आफूले चाहेको जिज्ञासा राख्न सकिनेछ ।

१६. बोलपत्रदाताले दर्ता गराएको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा फिर्ता वा संशोधन मध्ये के गर्न चाहेको हो, सो स्पष्ट उल्लेख गरिएको लिखित सूचना शिलवन्दी गरी बोलपत्र पेश गर्ने अन्तिम मिति वा समय भुक्तान हुनु भन्दा अगाबै यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । त्यस्तो सूचनामा दस्तखत गर्ने व्यक्तिको रीत्तपूर्वकको अधिकार पत्र समेत अनिवार्य रुपमा संलग्न रहेको हुनुपर्नेछ ।

१७. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोगय नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा घोषणा पत्र पेश गर्नुपर्नेछ ।

१८. कुनैपनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशकि रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१९ स्वीकृत बोलपत्रदाताले आपूर्ती गर्ने उपकरणहरु बोलपत्र सम्वन्धि कागजातमा उल्लेख भएको स्पेसिफिकेशन बमोजिम भए नभएको परिक्षण गराएर मात्र स्वीकार गरिनेछ ।

२०. रीत्त नपुगी वा म्याद नाघी आएका बोलपत्रहरु उपर कुनै किसिमको कार्यवाही हुनेछैन । बोलपत्र सम्वन्धि अन्य केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

२१. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ तथा (स्थानीय निकाय) आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानून वमोजिम हुनेछ ।

**तपसिल :-**

| ठेक्का नं. | आपूर्ति गर्नुपर्ने उपकरण | संख्या | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १०/०७२/०७३ | टिपर ट्रक | २.०० | २,४०,०००।- | ३,०००।- | बोलपत्र |
| ११/०७२/०७३ | ट्रयाक्टर (हाईड्रोलिक ट्रली सहित) | १.०० | ६०,०००।- | १,०००।- | बोलपत्र |

**लहान नगरपालिका कार्यालय**
**लहान, सिरहा**